मितिः २०८२ असार २६

# प्रेस नोट

## सात जना प्रतिभाशाली युवा दलित महिलालाई जस्ट फ्युचर्स फेलोसिप (बहिन–वृत्ति)

जस्ट फ्युचर्स पहल [जेएफपी]ले बागमती प्रदेशका सात जना प्रतिभाशाली युवा दलित महिलालाई जस्ट फ्युचर्स फेलोसिप (बहिन–वृत्ति) प्रदान गर्ने निर्णय गरेको छ। यही अगस्ट, २०२५ देखि १२ महिनासम्म सञ्चालन हुने यस फेलोसिपका लागि छानिएका प्रतिभाशाली युवा दलित महिला हुन् :

**सरिना द्योला, मंजिता परियार, प्रमिला बिक, कंचन कटुवाल,**
**राधिका रोका, मनिका विश्वकर्मा, संगिता मिजार**

"आफ्ना कथा आफै बुन्छौं" [जिमिगु बाखं जिमिसं हे ग्वये] भन्ने मूल मर्म बोकेर सार्वजनिक आह्वानअनुसार आवेदन दिएका २०१ जनामध्ये सर्ट लिस्टमा परेका १६ बीच अत्यन्त प्रतिस्पर्धाबीच ७ जना प्रतिभाशाली दलित महिला छानिएका हुन्। बागमती प्रदेशमा स्थायी बसोबास गर्नुहुने २० देखि ४० वर्षका दलित महिला, दलित यौनिक तथा लैंगिक अल्पसंख्यकमध्ये आफूलाई महिलाको रुपमा पहिचान गर्ने व्यक्ति तथा नेवाः दलित महिलालाई आवेदनका लागि आह्वान गरिएको थियो। दामल फेलो र जस्ट फ्युचर्स फेलो मधु महरा, पूर्व सांसद तथा दामल फेलो\फ्याकल्टी अन्जना विशंखे तथा त्रिभुवन विश्वविद्यालयसँग आबद्ध मानवशास्त्री डा. मुक्तसिंह लामाले लिएको अन्तर्वार्ताका आधारमा जेएफपीको संचालक समितिले उनीहरुलाई छनौट गरेको हो।

सबैका लागि न्यायपूर्ण भविष्यहरुको सपना बोक्दै; दलित महिलाका अनुभव, अनुभूति, आकांक्षा र ज्ञानलाई केन्द्रमा राख्दै; समुदाय स्तरका भोगाइलाई राष्ट्रिय–अन्तर्राष्ट्रिय सिकाइसँग जोड्दै अगाडि जाने लक्ष्यलाई ध्यानमा राखेर यस फेलोसिपको नामकरण गरिएको हो। मधेश प्रदेशमा चलाइएको जस्ट फ्युचर्स फेलोसिप, राष्ट्रिय स्तरमा संचालन गरिएको जेएफपी फ्याकल्टी सेमिनार र ती दुवै फेलोसिपबाट छानिएर आएका फेलोबीच संचालनमा रहेको दामल फेलोसिपको प्रयोगका आधारमा यस नयाँ फेलोसिप थालनी गरिएको हो। जेएफपी दलित महिलाका मुद्दा र सामूहिक नेतृत्वलाई केन्द्रमा राखेर समालोचनात्मक दृष्टिकोणबाट ज्ञान उत्पादन र नयाँ भाष्य निर्माण गर्ने लक्ष्यसहित स्थापना गरिएको संस्था हो र यसको जग भनेकै समुदाय स्तरमा संचालन भइरहेको जस्ट फ्युचर्स फेलोसिप हो। जेएफपी कोर टीमले समता फाउण्डेशनमार्फत् संचालन गरिएको 'जस्ट फ्युचर्स इनिसियटिभ'को प्रारम्भिक स्तरदेखि नै अवधारणा बनाउने, कार्यक्रम र योजना लागू गर्ने तथा त्यसको व्यवस्थापनको अगुवाइ गर्ने विरासत बोकेको छ।

यी पहलबारे कोर्नेल युनिभर्सिटीमा पीएचडी गर्न लागेकी लेखक एवं जेएफपीकी संस्थापक अध्यक्ष सरिता परियार भन्छिन्, 'नेपालको बौद्धिक इतिहास जातीय शक्तिको इतिहास हो। दलित नारीवादी ज्ञानशास्त्रमा आधारित जस्ट फ्युचर्स पहल (जेएफपी) दलित महिलाका ज्ञान, क्षमता र एजेन्सीलाई केन्द्रमा राख्ने रूपान्तरणकारी सम्भावनाको जग हो। यो जात व्यवस्थाबाट उत्पन्न भएका निरन्तर अन्यायको केवल प्रतिक्रिया होइन, बरू दलित महिलालाई ज्ञान उत्पादक तथा आफ्नै भविष्यको शिल्पी बन्ने अवसर प्रदान गर्ने रणनीतिक हस्तक्षेप हो।'

यस फेलोसिपमा पत्रकारिता र लेखनदेखि लिएर शिक्षण र राजनीतिक जीवनसम्ममा सक्रिय रहेका नयाँ फेलोहरुले पहिले आफ्ना व्यक्तिगत र सामाजिक जीवनका भोगाइबारे अध्ययन गर्नेछन् अनि जात, वर्ग, लैंगिकता र यौनिकताबारे बुनिएका भाष्य, ज्ञान र कल्पनाबारे समालोचनात्मक रुपले वैचारिक मन्थन गर्नेछन्। अन्तर–विषयको सह–सिकाइमा आधारित यस फेलोसिपमा सेमिनार र संवादमार्फत् गहन लेखनसँगै रचनात्मक कार्य गर्न प्रेरित गरिनेछ। यसमा फेलोहरुसँगै जेएफपीका फ्याकल्टीले पनि सिक्ने–सिकाउने काम गर्दै नयाँ–नयाँ सिर्जना गर्दै दलित महिलाको नजरबाट ज्ञान उत्पादनलाई गहन र व्यापक बनाउने लक्ष्य लिइएको छ। दलित महिलाहरुका माया, खुसी, भोगाइ, क्षमता एवं आकांक्षालाई केन्द्रमा राखेर सघन रुपले सञ्चालन गरिने यस फेलोसिपमा फ्याकल्टीका रुपमा देशभित्र र बाहिरका बौद्धिक र चिन्तकहरुको विशेष सहभागिता रहनेछ।

काठमाडौं उपत्यकासँगै बागमती प्रदेशका अनेक जिल्लामा फैलिएका नेवाः दलितसँगै विभिन्न जातका युवा दलित महिलाको सहभागितामा यस फेलोसिपको सञ्चालनपछि आगामी दश वर्षभित्र पाँच सय जना फेलो उत्पादन गर्ने लक्ष्यका साथ यस फेलोसिपको घेरा अन्य प्रदेशमा पनि फराकिलो पार्ने प्रयास हुने छ।

थप जानकारीका लागि जस्ट फ्युचर्स पहलको वेवसाइटः www.justfuturespahal.org

**सोना खटिक**

**कार्यकारी निर्देशक, जस्ट फ्युचर्स पहल**